श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

फैसला

२०७९।०८० सालको निर्णय नं.४२४

पुनरावेदन नं. ०७५-RB-०२०७

<u>मुद्दाः– आयकर (२०७३/०७४)</u>

| | |
|---|---|
| काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १४ कलंकी, खसीबजार, काठमाण्डौ स्थित बराज ट्रेडिङ्ग प्रा. लि. (स्थायी लेखा नं. ६००२४५९७९) का तर्फबाट अधिकार प्राप्त संचालक अध्यक्ष राजन श्रेष्ठ........................................१ | पुनरावेदक |

<u>विरुद्ध</u>

| | |
|---|---|
| साविक करदाता सेवा कार्यालय, पुतलीसडक हाल आन्तरिक राजस्व कार्यालय, पुतलीसडक, काठमाण्डौ..............................................................................१<br>आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाण्डौ..................................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, पुतलीसडक, काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री लीलाप्रसाद शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७५/०३/१५

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः- २०७५/०८/२४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताहरु श्री नारायण नेपाल, श्री कमलप्रसाद ढुङ्गाना र श्री मन्जु बुढाथोकी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**<u>अवलम्वित नजीरः ×</u>**

पुनरावेदक करदाताको हकमा साविक करदाता सेवा कार्यालय पुतलीसडकवाट मिति २०७५/०३/१५ मा भएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७५/०८/२४ को निर्णय उपर समेत राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत  मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. करदाता श्री बराज ट्रेडिङ्ग प्रा. लि. ले आ.व. २०७३/०७४ को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रु.२०,२८,३८१।- नोक्सानी कायम गरी मिति २०७४।०९।३० मा साविक करदाता सेवा कार्यालय, पुतलीसडकमा आय विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०७३।०७४ को कारोवारको परीक्षण गर्न छनौटमा पर्न गएकोमा प्राप्त विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरेको/कट्टी गर्न नपाइने खर्चहरु कट्टी गरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि जम्मा रू.४४,६१,४९०।-करयोग्य आय कायम गरी संशोधित कर निर्धारण गर्नुपर्ने देखिएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै आधार र कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम साविक करदाता सेवा कार्यालय, पुतलीसडकबाट करदाताको नाममा मिति २०७५।०२।२१ मा सूचना जारी भएको ।

३. साविक करदाता सेवा कार्यालय, पुतलीसडकबाट मिति २०७५।०२।२१ मा जारी भएको सूचना करदाताले मिति २०७५।०३।०४ मा बुझी लिई सो सूचनाको जवाफ मिति २०७५।०३।०५ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७३/०७४ का लागि रू.४४,६१,४९०।- करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी साविक करदाता सेवा कार्यालय, पुतलीसडकबाट मिति २०७५/०३/१५ मा खडा भएको निर्णय पर्चा ।

५. साविक करदाता सेवा कार्यालय, पुतलीसडकबाट मिति २०७५/०३/१५ मा जारी गरेको आ.व. २०७३/०७४ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी श्री बराज ट्रेडिङ्ग प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०५/१३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. कर कार्यालयबाट चालु आर्थिक वर्षको कर परीक्षण गर्दा मौज्दात किताव भन्दा भौतिक गणनामा न्यून मौज्दात देखिई मूल्य अभिवृद्धि कर तर्फ थप विक्री कायम भई कर निर्धारण गरिएकोमा आयकर तर्फ आर्थिक वर्ष समाप्त नहुदै कर निर्धारण गर्न नमिल्ने हुंदा उक्त थप विक्री रकमलाई आर्थिक वर्ष २०७३|२०७४ को आयमा समावेश गर्ने जानकारी आर्थिक वर्ष समाप्त हुनु अगावै नै गराउने हो। आर्थिक वर्ष समाप्त भएपछि जानकारी गराउनुको कुनै औचित्य हुदैन। तसर्थ निवेदकले लिएको निवेदन जिकिर नपुग्ने ठहर्छ। एकातिर निवेदकले कम्पनीको स्टक दुरुस्त रहेको छ भन्ने र अर्कोतिर सामान चलान भएको अवस्थामा स्वभाविक रुपमा स्टकमा हुदैन भन्नु आफैमा मिल्ने देखिदैन। कारोवार स्थलवाट सामान बाहिर लैजादा कर वीजक जारी गरी लैजानु पर्ने हुन्छ। विना विजक सामान अर्डर बमोजिम भनी लैजान मिल्ने देखिदैन। फिर्ता आएको सामानको हिसाव राख्ने छुट्टै तरिका हुन्छ। कारोवार स्थलमा मौज्दातको गणना गर्दा कम्पनीको प्रतिनिधिको रोहवरमा गरिएको हुन्छ। कम्पनीका प्रतिनिधिको रोहवरमा मौज्दात गणना गरी न्यून मौज्दात पाईएको रकमलाई मूल्य अभिवृद्धि कर तर्फ थप विक्री कायम भै कर निर्धारण भएको अवस्थामा थप विक्री आयलाई कार्यालयवाट आयकर ऐन, २०५८ को दफा ७(२)(ख) बमोजिम आयमा समावेश गरेका कानून सम्मत नै देखिँदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(१) बमोजिम न्यून मौज्दात पाइएको वस्तुहरुको वजार मूल्यमा विक्री भएको मानी मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २०(१)(ज) को अवस्था विद्यमान भई कार्यालयबाट कर निधारण गरी सोही थप विक्री रकमलाई आयकर तर्फ पनि आयकर ऐन २०५८ को दफा ७(२) बमोजिम आयमा समावेश गर्ने गरी कार्यालयबाट भएको निर्णय कानून सम्मत नै देखिन्छ। करको भार बोकाउन कानून विपरीत भएको छ भन्ने निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ। आयकर ऐन, २०५८ को दफा १२० मा कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्ता व्यक्तिलाई खण्ड (क) वा (ख) बमोजिम शुल्क लाग्ने व्यवस्था गरे अनुरूप झुट्टा वा भ्रमपूर्ण विवरण दिएर वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिएका कारण कर कानूनको परिपालना नगरेको अवस्थामा कार्यालयबाट

भएको संशोधित कर निर्धारणवाट सिर्जित थप कर दायित्वमा आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १२० अनुसारको शुल्क निर्धारण गर्न कानून बमोजिम नै देखिएको हुँदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२४ मा भएको निर्णय।

७. कम्पनीको स्टक दुरुस्त रहेको छ। कारोवारको प्रकृतिवमोजिम ग्राहकले पार्टस जडान गर्नको लागि अर्डर गर्ने र सो अर्डर वमोजिम सामान चलान गर्ने गरेको छ। पार्टस जडान भैसके पछि मात्र विजक जारी गर्ने गरेको छु। यसरी सामान चलान भएको अवस्थामा स्वभाविक रुपमा स्टकमा हुँदैन। सो सामान जडान भैसके पछि वीजक जारी भएको छ भने कतिपय सामान फिर्ता आई सो सामान अन्य ग्राहकलाइ विक्री गरी कर तिरी वुझाई सकेको अवस्था छ कारोवारको यो तथ्य विपरीत हचुवा रुपमा थप विक्री कायम गरी करको दोहोरो भार वोकाउन मिल्दैन। कानून विपरीत गरिएको संशोधित कर निर्धारण आदेश बदर गरी न्याय इन्साफ पाँउ भन्न समेत जिकिर लिइ करदाताले मिति २०७५।१०।२२ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०६/२९ मा भएको आदेश।

९. यसमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५/०८/२४ मा भएको प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय सहितको सक्कल मिसिल प्राप्त भएको नदेखिँदा उक्त सक्कल मिसिल झिकाई आएपछि नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०८/१८ मा भएको आदेश।

१०. यसमा पुनरावेदक करदाताले पुनरावेदनपत्र दायर गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा १(क) बमोजिम राख्नुपर्ने विवादित कर रकम रु.१०,६४,२४४।७४ को ५० प्रतिशत धरौटी राख्नुपर्नेमा सो बमोजिम राखेको नदेखिँदा धरौटी रकम हिसाब गरी यो आदेश भएको १५ दिनभित्र दाखिला गर्न लगाई लगाउका मुद्दा समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०५/०५ मा भएको आदेश।

११. यस न्यायाधिकरणबाट मिति २०७९/०५/०५ मा भएको आदेशानुसार करदाताबाट मिति २०७९/०५/२० गते धरौटी दाखिला गरेको भनी निवेदन पेश भएको।

१२. यसमा करदाता बराज ट्रेडिङ्ग प्रा. लि. स्थायी नं. (६००२४५९७९) को आ.ब. २०७३/०७४ को मूल्य अभिबृद्धि कर तर्फ अन्तिम कर निर्धारण भएको छ वा छैन ? भएको भए निर्णय सहितको प्रतिलिपी पठाई दिनु भनी साविक करदाता सेवा कार्यालय, पुतलीसडक हाल आन्तरिक राजस्व कार्यालय, पुतलीसडकबाट जवाफ मगाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०७/१५ मा भएको आदेश।

## ठहर खण्ड

१३. नियम बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री बराज ट्रेडिङ्ग प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरु श्री नारायण नेपाल,श्री कमल प्रसाद ढुङ्गाना र श्री मन्जु वुढाथोकीले करदाताको आ.व. २०७३।०७४ को संशोधित कर निर्धारण आदेश कानून विपरीत हुँदा बदर होस भनी गर्नु भएको बहस समेत सुनियो।

१४. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरू कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश तथा सोही आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानूनसम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१५. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, साविक करदाता सेवा कार्यालय, पुतलीसडकबाट करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१६. निर्णय तर्फ विचार गर्दा करदाताको पहिलो पुनरावेदन जिकिर स्थलगत रुपमा व्यापारिक मौज्दातको भौतिक परीक्षण गर्दा मौज्दात न्यून पाइएको भनी रु.२४,३३,१०९।— थप विक्री कायम गरी त्यसलाई आयमा समावेश गरी संशोधित कर निर्धारण गरेको निर्णय त्रुटीपूर्ण रहेको भन्ने देखिन्छ। शुरु निर्णय पर्चा हेर्दा, कर परीक्षणको सिलसिलामा करदाताको कारोवार स्थलमा गई भौतिक परीक्षण गर्दा मौज्दात कितावमा भन्दा भौतिक रुपमा न्यून पाइएको सामानको मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(१) वमोजिम उक्त वस्तुहरु वजार मूल्यमा विक्री भैसकेको मानी मू.अ.कर ऐन, २०५२ को दफा २०(१)(ज) वमोजिम वीजक जारी नगरी रु.२४,३३,१०९।— को वस्तु विक्री गरेको कसुर गरेको आधारमा मू.अ.कर निर्धारण गरेको र उक्त विक्री रकम

रु.२४,३३,१०९।- आ.व. २०७३।०७४ को आयमा समावेश गर्नको लागि करदातालाई लिखित जानकारी गराएको अवस्थामा आयमा समावेश नगरेको भनी रु.२४,३३,१०९।— आयकर ऐनको दफा ७(२)(ख) वमोजिम समावेश गर्ने गरी संशोधित कर निर्धारण गरेको देखिन आउँछ।

१७. साविक करदाता सेवा कार्यालय पुतलीसडकवाट यिनै करदाताको आ.व. २०७३।०७४ को मूल्य अभिवृद्धि करतर्फ स्थलगत निरीक्षणको क्रममा न्यून देखिएका वस्तुहरुको कुल विक्री मूल्य रु.२४,३३,१०९।— कायम गरी अन्तिम कर निर्धारण गरेको मिति २०७४।०२।१७ को निर्णयलाई करदाताले स्वीकार गरी वसेको र चुनौति नदिएको देखियो। यसरी मूल्य अभिवृद्धि करतर्फ थप विक्री कायम गरेको रु.२४,३३,१०९।— लाई स्वीकार गरेको स्थितिमा सोही आ.व. को आयकर तर्फ उक्त विक्री रकमलाई आयकर ऐन, २०५८ को दफा ७(२)(ख) वमोजिम आयमा समावेश गरेको निर्णयलाई अन्यथा भन्न मिल्ने अवस्था देखिन आएन। त्यसैले संसोधित कर निर्धारण आदेश त्रुटीपूर्ण रहेको भन्ने पुनरावेदन जिकिर संग सहमत हुन सकिएन।

१८. जहाँ सम्म आयकर ऐन, २०५८ को दफा ११८ वमोजिम व्याज, दफा ११९ वमोजिम व्याज र दफा १२० (क) वामोजिम शुल्क लगाएको कानून विपरीत भन्ने करदाताको दोस्रो पुनरावेदन जिकिर छ, सो सम्वन्धमा हेर्दा, आयकर ऐन, २०५८ को दफा ९४ ले वुझाउनु पर्ने कर तीन किस्तामा वुझाउनु पर्ने गरी व्यवस्था गरेको र सो वमोजिम वुझाउनु पर्ने किस्ता रकम समयमा नवुझाएमा वुझाउनु पर्ने मिति देखि कानून वमोजिमको व्याज लाग्ने व्यवस्था दफा ११८ मा रहेको, दफा ११९ मा कर तिर्नुपर्ने तोकिएको मिति सम्म कुनै व्यक्तिले कर दाखिल नगरेमा दाखिला गर्न वाँकी रहेको रकममा यसरी कर दाखिला गर्न बाँकी रहेको अवधि भरको व्याज लाग्ने व्यवस्था रहेको र दफा १२० (क) मा जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलवश झुठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसवाट हुने घटी कर रकमको पचास प्रतिशत रकम शुल्क लाग्ने कानूनी व्यवस्था रहेको देखियो। करदाताले कर कार्यालयवाट भौतिक रुपमा स्थलगत निरीक्षण गर्दा मौज्दातमा न्यून देखिएको वस्तु वापतको विक्री मूल्य आयमा समावेश गर्न लिखित रुपमा दिएको निर्देशनलाई परिपालन नगरेको कारणवाट संशोधित कर निर्धारण गरिएको स्थिति स्पष्ट देखिंदा आयकर ऐन, २०५८ को दफा ११८, दफा ११९ वमोजिम व्याज र दफा १२० (क) वमोजिम शुल्क गणना गर्नु कानून सम्मत देखिंदा करदाताको यो पुनरावेदन जिकिर समेत औचित्य पूर्ण देखिएन।

१९. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री बराज ट्रेडिङ्ग प्रा. लि. (स्थायी लेखा न.६००२४५९७९) को आ.ब. २०७३।०७४ को संशोधित कर निर्धारण गरी तत्कालीन करदाता सेवा कार्यालय पुतलीसडक, काठमाण्डौबाट मिति २०७५।०३।१५ मा भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२४ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसील खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।
२. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठुला करदाता कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इतिसम्बत २०८० साल जेष्ठ २२ गते रोज २ शुभम...............................

नायब सुब्बाः- सन्तोष कुमार साह

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौंको छाप